**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 12.07.2024**

## • Accident

लिङ्गीबाट-सिङताम तर्फ आइरहेको SK-04 J0030 नम्बरधारी वाहनमा सड़क माथिबाट झरेको ढुङ्गाले लाग्दा त्यहाँ सवार एउटी महिलाको मृत्यु भएको छ। यसका साथै वाहनमा सवार अन्य घाईते यात्रीहरूलाई चिकित्सा सहायता प्रदान गरियो। यो घटना आज बिहान माखाको सिङबेलस्थित सिस्ने खोल्सामा भएको हो। घटनामा ज्यान गुमाउने पैंतीस वर्षीय महिलालाई नाम्ची जिल्लाको लिङ्गी निवासी नन्द कुमार बस्नेतकी पत्नी राखी छेत्रीको रूपमा चिन्हित गरिएको छ। राबदाङका महकुमा अधिकारीले घटना स्थलको तत्काल निरीक्षण गर्दै सरकारको तर्फबाट मृतक छेत्रीका पती बस्नेतलाई चार लाख रूपियाँको सहयोग राशी प्रदान गर्नुभएको छ। अन्य घाईतेहरूलाई सिङताम जिल्ला अस्पतालमा प्राथमिक उपचारपछि गान्तोकको STNM अस्पतालमा रेफर गरिएको छ। स्थानीय अधिकारीगणले मानिसहरूसित विशेषगरी बर्खाको समयमा पैह्रोको जोखिम भएका र ढुङ्गा झर्ने सम्भावना भएका स्थानबाट पार हुँदाको समयमा सावधानी अपनाउन आग्रह गरेको छ।

---------------------------------------X---------------------------------------

## • GOLF Meeting

विज्ञान तथा प्रौद्योगिकी विभागको हिमनदी फाटेर हुने बाड़ीमाथि आज महत्त्वपूर्ण बैठक बस्यो। लोकसभा सांसद डाक्टर इन्द्रहाङ सुब्बाको पहलमा आज बसेको बैठकको नेतृत्व विभागीय सचिव श्री सन्दिप ताम्बेले गर्नुभएको थियो, जसले हिमनदीको प्रकोपबाट आएको बाढीको गम्भीर मुद्दा अनि विशेषगरी गत वर्षको अक्टोबरमा दक्षिण लोनाक पोखरीको घटनाको बारेमा चर्चा गर्नुभयो। बैठकमा सिक्किममा ग्लेशियोलोजीका लागि एउटा क्षेत्रिय केन्द्रको तत्काल आवश्यकतामाथि जोड़ दिइयो, ताकि अनुसन्धानलाई बड़ाउन, जोखिमबारे बुझ्न र निवारक उपाय निकाल्न सकियोस। सांसद डाक्टर सुब्बाले क्षेत्रीय सुरक्षा र जल सुरक्षाका लागि यसको महत्त्वमाथि जोड दिँदै राष्ट्रिय स्तरमा यो मुद्दा उठाउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

---------------------------------------X---------------------------------------

## • Paryavaran Parva Pledge

राज्यको छहवटै जिल्लाका जिल्ला मुख्यालयसहित महकुमा एवं खण्ड स्तरीय कार्यालयहरूमा विभागीय एवं कार्यालय प्रमुखद्वारा पर्यावरण पर्वको शपथ दिलाइयो। सिक्किम पर्यावरण पर्वलाई निरन्तरता दिँदै गान्तोक जिल्ला, जिल्ला मुख्यालय पाकिम, सोरेङ, गेजिङ, नाम्ची र मंगनमा शपथ ग्रहणपछि कार्यालयको सरसफाई गर्नका साथै विभिन्न प्रजातिका बिरूवा रोपियो। यस अभियानमा प्रत्येक विभाग र कार्यालयका अधिकारी एवं कर्मचारीहरूले सक्रियता पूर्वक भाग लिए।

---------------------------------------X---------------------------------------

## • Bhanu Jayanti Message

भोली दुई सय दशौं भानु जयन्ती हो। यस अवसरमा प्रथम चरणको कार्यक्रम जिरो पोइन्टस्थित भानु उद्यानमा हुनेछ, जहाँ राज्यपाल श्री लक्ष्मणप्रसाद आचार्य मुख्य अतिथि रहनुहुनेछ। यसैगरी दोस्रो चरणको कार्यक्रम मनन् केन्द्रमा सम्पन्न हुनेछ। यसको पुर्व सन्ध्यामा राज्यपाल श्री आचार्यले राज्यवासीलाई भानु जयन्तीको शुभकामना दिनुभएको छ। यस वर्ष भानु जयन्तीको विषय रहेको छ हाम्रो एकता: हाम्रो समृद्धि। राज्यपालले भन्नुभएको छ, यस समारोहले नेपाली साहित्यका जनक आदिकवि भानुभक्तको रचनात्मक कार्यको उजागर मात्र नगरेर समाजप्रति उहाँको निष्ठा, समर्पण र एकजुटताको भावनालाई पनि स्मरण गर्दछ। श्री आचार्यले भन्नुभएको छ, उहाँले समाजलाई दिनुभएको अमूल्य योगदानले आउने पीढ़िलाई सदियौंसम्म प्रेरित गर्नेछ।

---------------------------------------X---------------------------------------

## • MOVCD-NER Meeting

उत्तरपूर्वी क्षेत्रको मिशन जैविक मूल्य श्रृंखला विकासका लागि जिल्ला स्तरीय अनुगमन समितिको पहिलो सभा आज सोरेङको जिल्ला प्रशासनिक केन्द्रमा बस्यो। समितिका अध्यक्ष पनि रहनुभएका जिल्लाधीश श्री धिरज सुवेदीले सभाको अध्यक्षता गर्दै योजनाको कार्यान्वयन रणनीतिबारे जानकारी लिनुभयो। योजनालाई बलियो बनाउन समितिका सदस्यहरूलाई गतिविधिलाई अघि बढ़ाउने निर्देश दिँदै श्री सुवेदीले अन्य लाइन विभागसित प्रभावी समन्वय हुनुपर्ने कुरामाथि जोड़ दिनुभयो।

---------------------------------------X---------------------------------------

## • Coordination Meeting Sports

खेलकुद तथा युवा मामिला विभागकी सचिव श्रीमती योगिता राईले आज पाल्जोर स्टेडियम नजिक एउटा होटलमा विभिन्न खेलकुद क्षेत्रका प्रशिक्षकहरूलाई लिएर आयोजित समन्वय सभाको अध्यक्षता गर्नुभयो। सुनौलो सिक्किम, समृद्ध सिक्किमअन्तर्गत बसेको सभाको आयोजना खेलकुद तथा युवा मामिला विभागले गरेको हो। सभाको उद्देश्य 2024-देखि 2025-सम्म सिक्किमको पचासौं राज्य दिवस पालन गर्न आयोजन गरिने विभिन्न खेलकुदका गतिविधिलाई लिएर गरिएको हो। श्रीमती राईले प्रशिक्षकहरूले राज्यका लागि भविष्यका खेलाड़ी निर्माण गर्ने भएकाले उनीहरू खेलकुद विभागका पावरहाउस हुन् भन्नुभयो।

---------------------------------------X---------------------------------------

- **DISHA Meeting**

डाक्टर इन्द्रहाङ सुब्बाले हिजो जिल्ला विकास समन्वय तथा अनुगमन समितिको पहिलो सभाको अध्यक्षता गर्नुभयो। सिच्छेस्थित जिल्ला प्रशासनिक केन्द्रको सम्मेलन कक्षमा सम्पन्न सभामा विधायकहरू श्रीमती कला राई र श्री दिले नामग्याल बर्फुङपा, गान्तोकका जिल्लाधीश श्री तुसार निकारे तथा वरिष्ठ पुलिस अधिक्षक श्री तेन्जीङ लोडेन लेप्चाको विशेष उपस्थिति थियो। समितिका अध्यक्ष पनि रहनुभएका डाक्टर सुब्बाले विभागीय अधिकारीहरूलाई आगामी सभाका निम्ति तुलनात्मक डेटा तयार पार्ने निर्देश दिनुभयो। कम समय रहेको कारण उहाँले विभागहरूसित महत्त्वपूर्ण मुद्दामाथि प्रकाश पार्ने अनुरोध गर्नुभएको छ। विधायक श्रीमती कला राईले लाइन विभागहरूबीच यस प्रकारको समन्वय सभा निरन्तर रूपमा राख्ने आग्रह गर्दै कुनै पनि पूर्वाधार कार्यान्वित गर्न अथवा निर्ममाण गर्नअघि विभागहरूबीच समन्वय रहेको सुनिशिचित गर्ने पनि अनुरोध गर्नुभयो। यसैगरी गान्तोकका विधायक श्री बर्फुङपाले सबैसित आफ्नो कार्यमा समयनिष्ठा र पारदर्शी बन्न आग्रह गर्नुभयो।

---------------------------------------X---------------------------------------